"साकेला गाउँपालिका अबको निकास, आर्थिक सामाजिक रुपान्तरण सहितको दिगो विकाश"

# साकेला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### मानेभञ्ज्याङ, खोटाङ

प.सं. २०७९/०८०
च.नं. ०४

१ नम्बर प्रदेश, नेपाल
मिति- २०७९/०४/०३

**विषय- सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र नवीकरण तथा सूचीकरण सम्बन्धि जरुरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । यद्यपी हाल सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा निकासा हुने भएकाले चालु आ.व. २०७९/०८० को प्रथम किस्ता सामाजिक सुरक्षा भत्ता रकमको निकासा असोजको पहिलो हप्ता (दशैं अगावै) गरिसक्नुपर्ने भएकाले साकेला गाउँपालिकामा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नुहुने सम्पूर्ण लाभग्राहीहरुले २०७९ भदौ २५ गते भित्र सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा रहेको सामाजिक सुरक्षा शाखामा तपशिल बमोजिमको कागजात सहित लाभग्राही स्वयम उपस्थित भई परिचयपत्र नवीकरण गराउनहुन यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकारको आ.व. २०७९/०८० को बजेट बक्तव्यबाट ६८ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ संशोधन भईसकेकाले ६८ वर्ष उमेर पुरा भएका सबै जेष्ठ नागरिकहरुलाई तपशिल बमोजिम कागजात सहित सम्बन्धित वडा कार्यालयमा स्वयम उपस्थित भई निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. निवेदन (वडा तथा पालिकास्थित सामाजिक सुरक्षा शाखाबाट प्राप्त हुने)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. पासपोर्ट साईजको फोटो २ प्रति ।
४. बालबालिकाको हकमा जन्मदर्ता र अभिभावकको नागरिकताको प्रमाणपत्र ।
५. विधुवा महिलाहरुको हकमा पतिको मृत्युदर्ता र अर्को विवाह नगरेको सिफारिस ।
६. अपाङ्गता भएका व्यक्तिहरुको हकमा अपाङ्गता परिचयपत्र ।

..................
महेश राई
प्रमुख प्रशासकीय अधिकृत